## प्रमुख समाचार:

1. भारत र ग्रीस आफ्नो रणनीतिक साझेदारीलाई बलियो बनाउन प्रतिबद्ध
2. विदेश मन्त्रालयका अनुसार भारत र चीनको आपसी सहमतिअनुरुप डेम्चोक र देप्साङमा गस्ती सुरु
3. क्यानडाका उपमन्त्रीले सार्वजनिक सुरक्षा र राष्ट्रिय सुरक्षाको स्थायी समितिमा गृहमन्त्री श्री अमित शाहको सन्दर्भमा राख्नुभएको टिप्पणीलाई लिएर भारतको कडा आपत्ति
4. भारत र थाइल्याण्डका विदेशमन्त्रीहरूबीच द्विपक्षीय सम्बन्ध, बहुपक्षीय सहयोग र क्षेत्रीय विकासबारे छलफल
5. कश्मीरको अनन्तनाग जिल्लामा भएको भिडन्तमा दुई आतंककारी मारिएको पुष्टि
6. अनि बक्सिङमा भारतकी कृषा वर्माले अमेरिकाको कोलोराडोमा भएको U19 विश्व च्याम्पियनसिपमा स्वर्ण पदक जित्न सफल

## अब समाचार विस्तारमा

1. PM – Greece PM

प्रधानमन्त्री श्री नरेन्द्र मोदी र ग्रीसका प्रधानमन्त्री श्री किरियाकोस मित्सोटाकिसले दुई देशबीचको रणनीतिक साझेदारीलाई सुदृढ पार्ने आफ्नो प्रतिबद्धता दोहोऱ्याउनुभएको छ। टेलिफोन वार्ताका क्रममा दुई नेताले भारत-मध्य पूर्व युरोप आर्थिक करिडोर र पश्चिम एसियामा भएका घटनाक्रमलगायत विभिन्न क्षेत्रीय र विश्वव्यापी मुद्दाहरूमा छलफल गर्नुभयो। उहाँहरूले द्विपक्षीय सहयोगका विभिन्न क्षेत्रमा प्रगतिको समीक्षा गर्नुभयो। कुराकानीका क्रममा श्री मित्सोटाकिसले भारतमा भएको आम निर्वाचनपछि पुनः निर्वाचित भएकोमा श्री मोदीलाई बधाई दिनुभयो ।

2. MEA – China – America

विदेश मन्त्रालयले भारत र चीनले आपसी सहमतिअनुसार डेम्चोक र देप्साङमा गस्ती सुरु गरेको बताएको छ । आज साँझ नयाँ दिल्लीमा सञ्चारकर्मीलाई जानकारी दिँदै मन्त्रालयका प्रवक्ता श्री रणधीर जैसवालले भारत र चीनबीच अक्टोबर २१ मा सेना फिर्ता गर्ने अन्तिम चरणको सहमति भएको बताउनुभयो। दुई देशका विदेशमन्त्री र अधिकारीबीच भएको वार्ताका आधारमा दुई देशबीचको आपसी सम्बन्धलाई प्रगाढ बनाइने प्रवक्ताले बताउनुभयो। हालै काजानमा दुई नेताबीच भएको भेटमा यस्तो सहमति भएको हो । भारतीय कम्पनीहरूमाथि अमेरिकी प्रतिबन्धका सम्बन्धमा जानकारी दिँदै प्रवक्ताले भारतसँग रणनीतिक

व्यापार र अप्रसार नियन्त्रणका सम्बन्धमा कानुनी र नियामक संयन्त्रहरू छन् भन्नुभयो। क्यानडामा दीपावली उत्सव रद्द गरिनु दुर्भाग्यपूर्ण रहेको भन्दै प्रवक्ताले क्यानडामा असहिष्णुता चरम सीमामा पुगेको बताउनुभयो । भिसाका सम्बन्धमा श्री जैसवालले क्यानडामा अध्ययनरत विद्यार्थी र अस्थायी कामदारप्रति भारत चिन्तित रहेको बताउनुभयो।

3. MEA Canada

क्यानडाका उपमन्त्री श्री डेभिड मोरिसनले सार्वजनिक सुरक्षा र राष्ट्रिय सुरक्षाको स्थायी समितिमा गृहमन्त्री श्री अमित शाहको सन्दर्भमा राख्नुभएको टिप्पणीलाई लिएर भारतले कडा आपत्ति जनाएको छ। विदेश मन्त्रालयले हिजो क्यानाडाली उच्चायोगका प्रतिनिधिलाई बोलाएर भारतको विरोधका बारेमा जानकारी गराएको थियो । आज दिउँसो नयाँ दिल्लीमा सञ्चारकर्मीलाई जानकारी दिँदै मन्त्रालयका प्रवक्ता श्री रणधीर जैसवालले अक्टोबर २९ मा ओटावामा स्थायी समितिको कारबाहीबारे कूटनीतिक नोट हस्तान्तरण गरिएको बताउनुभयो। उहाँले क्यानाडाका उच्च अधिकारीहरूले जानाजानी अन्तर्राष्ट्रिय सञ्चारमाध्यममा निराधार कुराहरू फैलाउने गरेको र यस्तो क्रियाकलापले वर्तमान क्यानाडा सरकारको राजनीतिक एजेन्डा र व्यवहारको ढाँचाप्रति भारतको दृष्टिकोणलाई पुष्टि गर्दछ भन्नुभयो। उहाँले यस्ता गैरजिम्मेवार कार्यले द्विपक्षीय सम्बन्धमा गम्भीर असर पर्ने चेतावनी दिनुभयो ।

4. Thailand PM Visit

भारतको चार दिने भ्रमणमा रहनुभएका थाइल्याण्डका विदेशमन्त्री श्री मारिस संगियाम्पोङ्साले आज नयाँ दिल्लीमा विदेशमन्त्री डा एस जयशंकरसँग भेटवार्ता गर्नुभएको छ । सामाजिक सञ्जालमा पोस्ट गर्दै डा जयशंकरले थाइल्याण्डका विदेशमन्त्रीको भ्रमण दुई देशबीचको लामो समयदेखिको ऐतिहासिक र सांस्कृतिक सम्बन्धको उदाहरण भएको बताउनुभयो । उहाँहरूले भारत-थाइल्याण्ड सम्बन्ध, बहुपक्षीय सहयोग र क्षेत्रीय विकासबारे छलफल गर्नुभयो । श्री संगियाम्पोङ्सा बिहीबार नयाँ दिल्ली आइपुग्नुभएको थियो।

**समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ....**

5. Jaishankar – Australia – Singapore Visit

विदेशमन्त्री डा जयशंकर भोलिदेखि अष्ट्रेलिया र सिंगापुरको ६ दिने भ्रमणमा जानु हुनेछ। यसै क्रममा विदेशमन्त्रीले ब्रिसबेनमा भारतको चौथो महावाणिज्य दूतावासको उद्‌घाटन गर्ने कार्यक्रम छ । उहाँले

क्यानबेरामा अस्ट्रेलियाका विदेशमन्त्री श्री पेनिक वोङसँग विदेश मन्त्रीस्तरीय संवादको १५औँ बैठकको सहअध्यक्षता गर्नु हुनेछ।

6. Aswini – Railways

रेल मन्त्री श्री अश्विनी वैष्णवले हिजो साँझ नयाँ दिल्ली रेलवे स्टेशनको भ्रमण गर्नुभयो। उहाँले चाडपर्वमा यात्रुहरूका लागि विशेष सुविधा र व्यवस्थाको समीक्षा गर्नुभयो । रेल मन्त्रीले स्टेशनमा रेलको पर्खाइमा रहेका यात्रुहरूसँग कुराकानी गर्नुभयो । उहाँले यात्रुको सुविधाका लागि रेलवे सुरक्षा बल र रेलवे प्राधिकरणले गरेको प्रबन्धप्रति सन्तोष व्यक्त गर्नुभयो ।

7. Jharkhand - Election

झारखण्ड विधानसभा चुनावको दोस्रो चरणको लागि हिजो उम्मेदवारी फिर्ता लिने प्रक्रिया पूरा भएपछि अब कुल एक हजार २ सय ११ उम्मेदवार मैदानमा छन्। ८१ सदस्यीय विधानसभाका लागि दुई चरणमा मतदान हुँदैछ । पहिलो चरणको मतदान १३ नोभेम्बरमा ४३ निर्वाचन क्षेत्रमा हुनेछ। दोस्रो चरणमा 20 नोभेम्बरमा 38 निर्वाचन क्षेत्रहरूमा मतदान हुनेछ।

8. Jharkhand – Saraikela Profile

यसैबीच झारखण्ड विधानसभा चुनावमा पूर्व मुख्यमन्त्री श्री चम्पाई सोरेन सरायकेला सिटबाट चुनाव लड्ने बताइएको छ। यसपटकको निर्वाचन क्षेत्रको राजनीतिक परिदृश्य विगतको निर्वाचनभन्दा फरक रहेको हाम्रा संवाददाताले बताएका छन् ।

9. Maharashtra – Election

त्यसैगरि महाराष्ट्र विधानसभा चुनावको लागि उम्मेदवारी फिर्ता लिने अन्तिम मिति नोभेम्बर 4 हो। राज्यमा नोभेम्बर २० मा एकल चरणमा मतदान हुनेछ। झारखण्ड र महाराष्ट्रको मतगणना नोभेम्बर २३ मा हुनेछ।

10. Geneva - ILO

अन्तर्राष्ट्रिय श्रम संगठनको परिचालक निकायको ३५२ औँ बैठक जेनेभामा बस्दैछ । अक्टोबर २८ देखि सुरु भएको यो बैठक नोभेम्बर ७ सम्म चल्नेछ । बैठकमा श्रम तथा रोजगार सचिव सुमिता डवराले गरिबीका सबै आयामहरूबारे उल्लेख गर्दै जीवनस्तरमा सुधार ल्याउन भारतको प्रयास र प्रतिबद्धतालाई प्रकाश पार्नुभयो।

11. Anantnag - Encounter

कश्मीर उपत्यकाको अनन्तनाग जिल्लाको हलकन गली क्षेत्रमा आज दिउँसो सुरक्षा बलहरूसँगको भिडन्तमा दुई आतंककारी मारिए। यस क्षेत्रमा केही आतंककारीहरू रहेको सुईँको पाएपछि पुलिस र सुरक्षा बलहरूले कारबाही थालेका थिए। मृत आतंककारीहरूको अझै पहिचान हुन सकेको छैन ।

12. Krisha Varma –U10 Boxing

भारतकी कृषा वर्माले हिजो अमेरिकाको कोलोराडोमा भएको U-19 विश्‍व बक्सिङ च्याम्पियनसिपमा स्वर्ण पदक जितेकी छन् । स्वर्ण पदकको दौडमा रहेका अन्य पाँच भारतीय बक्सर भने फाइनलमा पराजित भएका छन् ।

13. Cricket – India – NZ

क्रिकेटमा मुम्बईको वानखेडे रंगशालामा न्युजिल्यान्डले भारतसँगको तेस्रो तथा अन्तिम टेष्टको दोस्रो दिन आज ९ विकेट गुमाउँदै १७१ रन बनाएको छ । २८ रनको अग्रता स्वीकार गर्दै न्युजिल्यान्डसँग अब समग्रमा १४३ रनको अग्रता छ । भारतका लागि रविन्द्र जडेजाले ४ विकेट लिए भने रविचन्द्रन आश्विनले ३ विकेट लिए । वासिङ्टन सुन्दर र आकाश दीपले एक–एक विकेट लिए ।

**अन्त्यमा यस बुलेटिनका प्रमुख समाचार पुन: एकपटक**

1. भारत र ग्रीस आफ्नो रणनीतिक साझेदारीलाई बलियो बनाउन प्रतिबद्ध
2. विदेश मन्त्रालयका अनुसार भारत र चीनको आपसी सहमतिअनुरुप डेम्चोक र देप्साङमा गस्ती सुरु
3. क्यानडाका उपमन्त्रीले सार्वजनिक सुरक्षा र राष्ट्रिय सुरक्षाको स्थायी समितिमा गृहमन्त्री श्री अमित शाहको सन्दर्भमा राख्नुभएको टिप्पणीलाई लिएर भारतको कडा आपत्ति
4. भारत र थाइल्याण्डका विदेशमन्त्रीहरूबीच द्विपक्षीय सम्बन्ध, बहुपक्षीय सहयोग र क्षेत्रीय विकासबारे छलफल
5. कश्मीरको अनन्तनाग जिल्लामा भएको भिडन्तमा दुई आतंककारी मारिएको पुष्टि
6. अनि बक्सिङमा भारतकी कृषा वर्माले अमेरिकाको कोलोराडोमा भएको १९ वर्षमुनिको विश्व च्याम्पियनसिपमा स्वर्ण पदक जित्न सफल **आकाशवाणीबाट सुन्दै हुनुहुन्थ्यो समाचार, पूरा भयो।**